**मिति २०७६/११/१३ गते बसेको ५६ औं बैठकका निर्णयहरु :**

१. गाउँपालिकाको ठूलो भूगोल भएको कारण सेवा प्रवाहमा सहजता बनाउनको निम्ति माथील्लो भेकको वडा नं. ४, ५ र ६ कार्य क्षेत्र रहने गरी वडा नं. ४ , रामबजारमा कृषि र पशुको सम्पर्क कार्यलय स्थापना गरि हाल कृषि सेवा केन्द्र खुदीमा कार्यरत पाचौं तहको कर्मचारीलाई खटाउने निर्णय गरियो ।

२. सिटीभिटी द्धारा सञ्चालन गर्ने निम्न तालिमहरुमा मर्स्याङ्दी गाउँपालिकाका सहभागीहरुलाई खाजा बापत रु. ५०।- प्रति दिन तालिम सम्पन्न गरे पछि सिपमुलक तथा क्षमता विकास तालिम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । साथै तालिममा टाढाको बासै बस्नु पर्ने प्लम्बिङ तालिमका सहभागिहरुको हकमा तालिम सम्पन्न गरे पछि थप जनही रु.१५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

- प्लम्बिङ तालिम : सहभागी संख्या - २० जना, स्थान - ग्रामीण तालिम केन्द्र
- बेमौसमी तरकारी खेति तालिम :
  - वडा नं. ४ र ५: सहभागि २० जना, स्थान - रामबजार
  - वडा नं. १, २, ३, ७, ८, ९ : सहभागी २० जना, स्थान - कृषि सेवा केन्द्र, खुदी

३. २०७६ फागुन ६ गते सम्पन्न प्र.अ.हरुको बैठकबाट प्रस्तावमार्फत आएको शिक्षा सम्बन्धी निम्न तालिमहरुको आयोजना गर्ने निर्णय गरियो । सोका लागि आवश्यक खर्च सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च (२२५१२) को शैक्षिक तालिम तथा गोष्ठि शिर्षकबाट गर्ने निर्णय गरियो ।

- प्र.अ.हरुको नेतृत्व विकास तालिम :
- प्रा.वि. तहको शैक्षिक सामाग्री निर्माण तालिम :
- प्रा. वि. विज्ञान शिक्षक तालिम :
- लेखा व्यवस्थापन तालिम :

४. यस कार्यालयमा कम्प्युटर अपरेटर पदको स्थायी दरबन्दि पदपुर्ति हुन आएकोले सो पदमा करारमा कार्यरत शैलेन्द्र घिमिरेलाई मिति २०७६ फागुन १३ गते देखि लागु हुने गरि २०७७ असार मसान्त सम्मको लागि रिक्त सब ईन्जिनियर चौथो तहको पदमा करार सेवामा नियूक्ति गर्ने निर्णय गरियो ।

५. स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन कार्यविधि, २०७५ (प्रथम संसोधन, २०७६) बमोजिम यस गाउँपालिकाको वडा नं. २ र ८ को क्रमश सिमलचौर र मोर्डिमा कार्यविधिको दफा ४ को उपदफा ७ बमोजिम टाईप २ बमोजिमको भवन निर्माणको लागि ई बिडिङको माध्यमबाट टेन्डर आव्हान गर्ने निर्णय गरियो ।

६. अन्य सार्वजनिक निर्माण (३११५९) श्रोत वित्तीय सा. अनुदान अन्तर्गतको खरको छाना विस्थापन शिर्षकमा भएको बजेट रु.१५,००,०००।- को टिन खरिद गर्न टेन्डर गर्ने निर्णय गरियो ।

७. मर्स्याङ्दी गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७६ को कार्यान्वयनको लागि कार्यविधी निर्माण गर्ने निर्णय गरियो ।

८. यस गाउँपालिका स्थित श्री ग्राम कल्याण माध्यमिक विद्यालय, मर्स्याङ्दी -१, लमजुङलाई शैक्षिक शत्र २०७६ मा माध्यमिक तहको कक्षा ९को अनुमति प्रदान गरिएकोमा शैक्षिक सत्र २०७७ मा माध्यमिक तह कक्षा १० थपको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

९. वडा अध्यक्ष ज्यूहरुलाई ईन्धन सुविधा मासीक १० लि. भएकोमा कामको चापको कारण उक्त ईन्धन प्रयाप्त नभएको हुँदा मिति २०७६ फागुन १ गते देखि लागु हुने गरि मासीक १५ लि. कायम गर्ने निर्णय गरियो ।

१०. कृषि तथा पशु सम्बन्धी बिमा वापत लाग्ने प्रिमियम रकमको ७५ प्रतिशत संघिय सरकारबाट प्राप्त हुने र बाँकी २५ प्रतिशतको १० प्रतिशत स्वयम किसानले बुझाउनु पर्ने र बाँकी १५ प्रतिशत गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो । साथै यस गाउँपालिकाको कृषि तथा पशु सम्बन्धी विमा प्रोडोन्सियल ईन्स्योरेन्स कम्पनी, बेसीशहर शाखा सँग सम्झौता गरि यस आ.व. मा गरेका विमाको माथी उल्लेख गरिए अनुसारको १५ प्रतिशत भुक्तानी दिने समेत निर्णय गरियो ।

११. विविध कार्यक्रम खर्च (२२५२९) को विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी शिर्षकबाट निम्न अनुसारको सहयोग गर्ने निर्णय गरियो ।

- न्यू हिमालचुली यूवा क्लव, मर्स्याङ्दी -८, भुलभुले रु. २५,०००।-
- जिल्ला भलिबल संघ, लमजुङ रु. रु. २५,०००।-
- शिलादेवी यूवा क्लव, मर्स्याङ्दी -३, शिउरुङ रु. २५,०००।-
- ज्योति महिला सञ्जाल, मर्स्याङ्दी -८ रु. २५,०००।-
- पचे तमु छोँज धि, मर्स्याङ्दी -२, घनपोखरा रु.१५,०००।-
- नेल्टा, लमजुङ - रु.१५,०००।-

१२. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- केश माया गुरुङ, मर्स्याङ्दी - २, रु. २०,०००।-
- लाटा कामी, मर्स्याङ्दी - २, रु. २०,०००।-
- हवि गुरुङ, मर्स्याङ्दी - २, रु. १०,०००।-
- पूर्णि बि.क., मर्स्याङ्दी - २, रु. १०,०००।-
- सन्त बहादुर घर्ति, मर्स्याङ्दी -७, रु.५,०००।-

१३. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको विपद व्यवस्थापन कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- सिम्पानी चौताराको खतरामा रहेका पिपलको रुखको हाँगाहरु कटानी गर्न, मर्स्याङ्दी - ९ रु. १५,०००।-

१४. पशु सेवा शाखा अन्तर्गत रहेको देहायका बजेटहरुलाई रकमान्तर गर्ने निर्णय गरियो ।

- व्यवसायीक किसानलाई च्याफ कटर मेसिन वितरणमा भएको बजेट रु.१,००,०००।- लाई फार्म दर्ता भएका घुम्ति गोठका लागि अनुदानमा सोलार टुकी, त्रिपाल वितरणमा रकमान्तर गर्ने ।
- रेबिज दिवस, भेटरीनरी दिवस, अण्डा दिवस, पशुपंछि दिवस मनाउने कार्यक्रममा भएको बजेट रु.३०,०००।- लाई काउम्याट खरिद तथा वितरण कार्यक्रममा रकमान्तर गर्ने ।

१५. वडा अध्यक्षज्यूहरुबाट आ-आफ्नो वडाको प्रगति विवरण प्रस्तुत गर्नु भयो । प्रस्तुत प्रतिवेदनहरुमा छलफल भयो । निर्धारित समय तालिका अनुसार योजनाहरु सम्पन्न गर्न, योजनाहरुको नियमित अनगुमन गरि योजनाको गुणस्तरियतामा थप ध्यान दिन सबैको ध्यानाकर्षण भयो ।